# "लघुवित्त कार्यक्रमले कल्पना रैकाको जिवनमा परिवर्तन ल्यायो"

* (परिश्रम गर्यो भने परिश्रमको फल मिठो नै पाइन्छ भन्ने कल्पनाले आफ्नो जिवनमा संघर्ष गर्दै सुनौलो बिहानी ल्याउन सफल भइन ।)

विगतलाई सम्झिदै यसरी सुनाउछिन आफ्नो जिवनको कथा कल्पना: सिन्धुली जिल्लाको मध्य पहाडी भेगमा रहेको गोलन्जोर गा॰ पा॰ -३ वितिजोर गाउमा आज भन्दा २५ वर्ष अगाडी बाबु- यम बहादुर रैका र आमा: सिता रैकाको कोखबाट जेठो छोरीको रुपमा जन्म भयो। मेरो दुई भाइहरु र म संग तिन जना छौं हामी विपन्न वर्गका घरमा जन्म लिएका थियौं। आफ्ना सम्पूर्ण इच्छा, आकांक्षा तथा रहरहरुलाई भुल्दै हामीले हाम्रा बाल्यकालको अवस्था बितायौं। घर घर छिमेकी अथवा बजारमा बस्नेहरु नया लुगा तथा मिठो खाने कुरा खादा आफुलाई पनि खान लाउन पाए हुन्थ्यो जस्तो लाग्थ्यो तर परिस्थितिले त्यस्तै आफ्नो आमा बुवाको आर्थिक अवस्था कमजोर भएकोले आफ्नो जस्तो छ त्यसैमा रमाउदै बाल्यकाल बिताउनु पर्यो। गाउको नजिकै रहेको विद्यालयमा जसो तसो पढेर ०६४ सालमा SLC उत्तिर्ण गरे। त्यस पछि गाउमा प्रौढ शिक्षा ३ महिने गाउका आमा दिदि बहिनीलाई पढाउने मौका पाए र दु:ख सुख गरेर +२ पनि पास गरे केहि समय पछि सुनौलो हजार दिनले गाउमा कार्यक्रम लिएर आयो त्यसमा काम गर्न पाउछु कि भन्ने आशा गरेको थिए तर आश मात्र रहयो। र फेरी World vision ले पनि गाउमा कार्यक्रम ल्याएको थियो त्यसमा पनि भएन हामी जस्ता गरिबका छोराछोरीले जागिर भन्ने के पाउन्थ्यो र हामी भन्दा धनि र ठुला बडाका छोरा छोरीले मात्र काम गर्न पायो। त्यसै मैले धेरै कामको खोजी गरे तर पाउन सकिन त्यस पछि मैले सोचे हामी जस्ता गरीबको छोरा छोरीले पढेर कि के काम लाग्दो रहेछ भन्ने सोचे तर आफुले केहि गर्ने मन बनाए र घरमै पालेको बाख्रा कुखुराको आम्दानि संकलन गर्दा १० हजार भयो र मैले १० हजारको सानो चरपेट पसल खोल्ने जमर्को गरे। विद्यालय नजिक भएर होला

पसल पनि राम्रो हुदै गयो र मलाई अझ राम्रो बनाउनको लागि आर्थिक को आवश्यक पर्यो । मलाई कसले सहयोग गर्ला भनेर सोचिरहेको थिए । एक दिन म घर बाट नजिकै ग्वालार बजार फर्दा त्यहा महिला हरूको जमात देखे के रहेछ भनेर जादा त्यहा सिर्जना सामुदायिक विकाश केन्द्रको बैठक हुदै रहेछ बैठकमा गएर मैले पनि त्यस संस्थाको बारेमा बुझ्दा त हामीहरु जस्तै : किशोरी, विपन्न महिला तथा गरिब र निमुखाको लागी पो रहेछ । यस संस्थाबाट संचालित लघुवित्त कार्यक्रम शाखा कार्यालय खुर्कोट अन्तर्गतको मिति २०६२।६।११ गते केन्द्र नं. ४१ को समुह नं. १.२ मा आवद्ध भएर त्यस संस्थाको बारेमा सबै कुरा जान्ने बुझ्ने मौका पाए र त्यस संस्थाबाट पहिलो पटक ५०००।- हजार कर्जा लिई त्यई सानो पसल बढाउन पसलमा चाहिने सामान: हरु थपे जस्तै : कापी, बलपेन, चाउचाउ, बिस्कुट, जुत्ता आदि खरिद गरेर राम्रो सँग पसल चल्दै गयो र संस्थामा तिर्नेको लागि किस्ता पुर्याई अरु सामान किन्न आफुलाई खर्च गर्न समेत पुग्याछ पहिलाको त्यो दिनहरु लाई सम्झदा अहिले आफ्नो जिन्दगिमा यस कार्यक्रमले सुनौलो विहानी ल्याएको महसुस भएको छ । हिजो टाढा-टाढा हुने दिदि बहिनी हरु आज घरै सँघोल गर्दा नजिक भएका छन् यो सब यसै संस्थाको कार्यक्रमले गर्दा भएको हो; । त्यसैले यस कार्यक्रमको लागी सदा आभारी हुने छु र म रहुन्जेल यो संस्था त्याग नगर्ने र सबै दिदि बहिनीहरूलाई यस संस्थाको बारेमा भन्नेछु र यस संस्थामा सहभागी हुनको लागी सल्लाह दिनेछु साथै यस खुर्कोट शाखामा रहेको सुजना लघुवित्तमा रहनु हुने सम्पूर्ण कर्मचारीहरु लाई धन्यवाद दिन चाहन्छु ।।"

नाम: सँगीता पुलामी
ठगाना:- सिन्धुली खुर्कोट
पद :- फिल्ड सहायक

धन्यवाद ।।

०६५।११।१९